# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

# डिलासैनी गाउँपालिका बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ३५२

मितिः २०७९।३।२३

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
डिलासैनी गाउँपालिका,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले **डिलासैनी गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रु.१० करोड २४ लाख ९० हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.१५ लाख ४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३ करोड ६१ लाख २४ हजार, नियमित गर्नुपर्ने रु.१८ लाख १ हजार र पेश्की बाँकी रु.६ करोड ३० लाख ६१ हजार रहेको** छ । पालिकाको गत वर्षसम्म रु.१३ करोड १ लाख ९८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२२ करोड ६६ लाख ६० हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# डिलासैनी गाउँपालिका, बैतडी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २६ | ४४ | १०२४९० | ० | ० | ० | २६ | ४४ | १०२४९० | १५०४ | १८०१ | ३६१२४ | ० | ० | ३७९२५ | ६३०६१ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १३०१९८ | ० | ६०२८ | १२४१७० | ० | १०२४९० | २२६६६० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : डिलासैनी गाउँपालिका, बैतडी , दिलासैनी गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
| --- | --- | --- | --- |
| कार्यालय प्रमुख | Pankh Bahadur Shah | २०७७-२-२७ | |
| कार्यालय प्रमुख | Ganesh Singh Bohara | २०७८-१-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Narad Singh Bist | २०७७-१-१ | |
| | | **बेरुजु रकम** | १०२,४८९,८२१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६०,००,००० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८,३९,४३,६२५ | चालु खर्च | २९,३२,६९,८३०.४ |
| प्रदेश सरकारबाट अनुदान | २,६३,५५,९४५ | पूँजीगत खर्च | २०,०६,९४,६८४.५ |
| राजश्व बाँडफाँट | ६,६४,६१,२७६ | वित्तीय/अन्य व्यवस्था | ८,६८,७८,३४२.२ |
| आन्तरिक आय | १२,५९,७०० | | |
| अन्य आय | १०,५०,०५,३७४ | | |
| कुल आय | ५८,३०,२५,९२० | कुल खर्च | ५८,०८,४२,८५७.१ |
| बाँकी मौज्दात | | १,६५,११,६२७.२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३७ सभा सदस्य, १२५.२८ वर्ग किलोमिटर क्षेत्रफल तथा २२९२४ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुध्दताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७८।६।१९ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>१. **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २१५१७८२४।४४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ६००००००।... जिम्मेवारी सारेको | १५,५१७,८२४.४४ |

| | | | | |
|---|---|---|---|---|
| | | | देखियो।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १ करोड ५५ लाख १७ हजार ८२४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | |
| ३ | | | **बेचालु बैंक खाता**<br>गाउंपालिकाको राष्ट्रिय वाणिज्य बैंक वैतडि शाखाको खाता नं ४०५०३०४०१८१०७ मा रहेको रु ५१८७४२९।३३ मूल संचित कोषमा आम्दानी वांध्नु पर्ने भनी गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत छ । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो को आंशिक प्रगति भएको देखियो ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा हिसाव मिलान गर्दै गरेको देखियो ।<br>• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• वातावरणको संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न कर्मचारी अभावले अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• कर्मचारी तथा पदाधिकारीहरु विभिन्न स्थानमा भ्रमण गर्दाको राख्नुपर्ने भ्रमण अभिलेख खाता नराखेको दोहोरो पर्न सक्ने संभावना रहेको ।<br>• सवारी साधनको मर्मत अभिलेख खाता राखेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असारमसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा उपप्रमुख श्री कुश्मा चन्दले मिति २०७७।३।१० गते रु. करोड लाख हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।३१ मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले २०७७।४।१० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनु पर्दछ। | |
| ६ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ।उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमामा र्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरि सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन।ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ। | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ। | |
| ८ | | | **लक्ष्य प्रगति**<br>कार्यालयको चौमासिक प्रगती विवरण बनाईपेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, जिल्लास्तरिय तथा केन्द्रियस्तरियका १२८३ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ। | |
| ९ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीयतहमा संगठन संरचना कायम हुने व्यवस्था छ।पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म १९ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर ,सहित १० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्यसम्पादनमा असरपरेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १० | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीयकानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीयतहले बनाएको कानुन बमोजिम हुनेव्यवस्थाछ। त्यस्तै अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खानावापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता | ४६०,००० |

खुवाउनसमेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.

| **कर्मचारी** | **अवधि** | **मासिक** | **प्रोत्साहन रकम** |
|---|---|---|---|
| इन्जिनियर | ०७७ फागुनदेखि ०७८ असार | २००००।०० | १०००००।०० |
| सवइन्जिनियर २ जना | पूरै वर्ष | १५०००।०० | ३६००००।०० |
| | | | |

११

**वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडा नं ३ र ७ मा वडा सचिवको दरवन्दी पदपूर्ति हुन सकेको छैन ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ७ | ७ | ५ | २ |

१२

**आन्तरिक लेखापरीक्षण प्रतिवेदन**

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भए वमोजिम आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छ। आन्तरिक लेखापरीक्षणवाट औल्याइएका व्यहोराहरु अन्तिम लेखापरीक्षण अगावै फछर्योट गर्नु पर्नेमा सो गरेको देखिएन ।

१३

**पदाधिकारी सुविधा**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको कामकारबाही शुरु गरेको मितिदेखि मासिक सुविधाबापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुनेगरी उक्त सुविधाहरु खारेज गरिएको छ। जस अनुसार सुदुरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७।३।८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क), (ख), (ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ। जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सुविधा पाउने देखिदैन। तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा चाडवाड रु ३६२५००। समेत रु २१९८,०००। खर्च लेखेको ।

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **स्वकीय सचिव र सल्लाहकार**<br>सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ। तर प्रमुखको स्वकीय सचिवका रुपमा खरिदारस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री दिपक बोहरालाई नियुक्त गरी मासिक रु. २६६१०। का दरले रु. ३१९३२०। र उपाध्यक्षका स्वकीय सचिव श्री सन्तोष कुमार रानालाई मासिक रु १८०००। का दरले रु २१६०००। गरी जम्मा रु. ५३५¸३२०। भुक्तानी भएकोछ। | |
| १५ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिकनिकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिएबमोजिमको खरिद गुरुयोजना र वार्षिकखरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्थाछ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २० करोड ६ लाख ९४ पूँजीगत खर्च खरिद निर्माणकार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजनार गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| १६ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| १७ | | | **स्थानीय तहरूको विभाज्य कोष**<br>प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीय तह ले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिकरुपमा प्रदेश सञ्चितकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क¸ मनोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलन गर्न सकेको छैन । | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरीसोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेकोछ।पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमासोको पुरा अभिलेख पालिकामा आएकोदेखिएन। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ।यसले गर्दा व्यक्तिहरुलेछुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणालीमार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनु पर्नेदेखियो। | |
| १९ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ कोनियम ९(६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिनसम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सोसमेत दाखिला गर्न लगाउने र १५ दिनभन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्नलगाई कसूरको मात्रा अनुसार प्रचलित कानूनबमोजिम बिभागीय कारवाही समेत गर्न गराउनसक्ने व्यवस्था छ। कार्यालयअन्तर्गत ६ वटा वडा पालिका प्राप्तगरेको राजश्व रकम प्रत्येक महिनाको मसान्तमा जम्मा गरेको छ । ऐनमाभएको व्यवस्था पालना भएको छैन । | |
| २० | | | **भ्रमण खर्च**<br>सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन, २०७५ तथा भ्रमणखर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहायबमोजिम छन्<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने आधार नदेखिएको।<br>• भ्रमण पश्चात् तोकिएबमोजिम भ्रमण प्रतिवेदन स्पष्ट विवरणा खुल्ने नगरेको।<br>• भ्रमण गर्दाको राख्नुपर्ने भ्रमण अभिलेख खाता नराखेको, दोहोरो पर्न सक्ने संभावना रहेको ।<br>• कतिपय भ्रमणहरु कार्यालयसंग असम्वन्धित नगर तथा गाउंपालिका गएको जनाइ सो वापतको भुक्तानी गर्ने गरेको । | |
| २१ | | | **सिमित प्रतिस्पर्धा**<br>सार्वजिनक खरिद ऐन २०६३ को दफा २६ मा बोलपत्र दाताले आपसमा मिलोमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्ध हने उल्लेख छ । एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम अन्तर्गत १० वेडको हस्पिटल भवन निर्माण गर्न पालिकाले ठेक्का नं १४।२०७७।७८ बोलपत्र आव्हानको सूचना २०७८।१। २७ गते हिमालयन टायम दैनिकमा प्रकाशन गरेकोमा इ विडिङबाट ३ फर्महरु दर्ता भएको र २ वटा फर्मले बोलपत्र दर्ता प्रस्ताव फिर्ता लिएको देखिएको छ । लागत अनुमान रु १४४४३२१०५।९७ रहेको उक्त ठेक्का एक मात्र बोल पत्रदाता श्री मालिका एच टि सि जेभीको कबोल अंक रु १३६७२०५८४।० स्विकृत भै निर्माण | |

<table>
<tr><td></td><td></td><td></td><td>सम्झौता भएको छ ।पालिकाले लगाएका अन्य ठेककाहरुमा बोलपत्र दाताहरुले लागत अनुमान भन्दा ३० देखि ३५ प्रतिशत सम्म कम कबोल गरेको देखिन्छ ।तर यो ठेक्काकोकबोल अंक लागत अनुमान भन्दा ५ प्रतिशत मात्र कम रहेको तथा बोलपत्र दर्ता गर्ने ३ फर्म मध्ये २ ले फिर्ता लिई एकमात्र निर्विकल्प वोलपत्रदाता रहनुले स्वस्थ प्रतिस्पर्धा रहेको भनी विश्वस्तहुन सकिएन ।</td><td></td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>मूल्य अभिवृद्धि कर कट्टी र दाखिला<br>मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) (आर्थिक ऐन, २०७६ वाट संसोधन) वमोजिम सरकारी निकाय तथा संघ सँस्थाहरुले करार गरी खरिद गरेको बस्तु तथा सेवाको बिल भुक्तानी गर्दा मूल्य अभिवृद्धि करको ५० प्रतिशत र ३०(२०७८।२।१५ अघि ५० प्रतिशत र त्यस पछि ३० प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था )कट्टा गरी सम्वन्धीत आपूर्तकको नामवाट मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न फर्मलाई मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा सोको ५० तथा ३० प्रतिशत रु७९२५१।००कट्टा गरी मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गरेको नपाईएकोले असुल गरी सम्वन्धीत मूल्य अभिवृद्धि शिर्षकमा दाखिला गर्नुपर्ने रु..
<table>
<tr><td>गो भौ र मिति</td><td>फर्मको नाम</td><td>विजक नं र मिति</td><td>भूक्तानी भएको मू अ कर</td><td>कट्टा गर्नुपर्ने मू अ कर</td></tr>
<tr><td>गा पा पूजीगत</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३८९।०७८।३।२२५</td><td>जयमहरुद्र निर्माण सेवा</td><td>४।०७८।३।२४</td><td>२६४१७३।००</td><td>७९२५१।०</td></tr>
</table></td><td></td><td>७९,२५१</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>पूजीगत बजेटबाट चालु प्रकृतिका खर्च<br>पूँजीगत बजेट पूर्वाधार संरचना निर्माण, धार्मिक पुरातात्विक संरचणाहरुको संरक्षण, आय आर्जन तथा रोजगारी सृजना, वातावरण संरक्षण र प्रवर्ध्दन तथा दिर्घकालसम्म प्रतिफल दिने प्रकृतिका योजनाहरुमा खर्च गर्नु पर्दछ । पालिकाले पूँजीगत बजेटबाट देहाय बमोजिम वितरण मुखी, मनोरञ्जनात्मक, दिवस मनाउने, सामान्य सचेतनामूलक गोष्टी र राहत वितरण चालु प्रकृतिका योजना तथा कार्यक्रममा खर्च गरेको नियमसंगत देखदैन ।</td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ नं र मिति</td><td>काम</td><td>खर्च रकम</td></tr>
<tr><td>४०।२०७८।१२।१६</td><td>आमा समुह गठन</td><td>८००००।००</td></tr>
<tr><td>१९९।२०७८।३।२५</td><td>तलब</td><td>५८५८७।००</td></tr>
<tr><td>३४५।२०७८।३।२३</td><td>वैठक भत्ता</td><td>३८०००।००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२७६५८७।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td></td><td>विजक नम्बर हातले लेखेको<br>गो भौ नं ३१४।२०७८।३।२१ मूल्य अभिवृद्धी कर नियमावली २०५३ को दफा १७ मा सेवा प्रदायकले प्रापकलाई रीतपूर्वकको विजक जारी गर्नु पर्ने उल्लेख छ । निर्माण व्यवसायी विष्ट कन्स्ट्रक्सन धनगढीले जारी गरेको रु ३३२००००८।०० को पिपलगाड सिचाई प्रणालीको विलमा विजक नम्बर हातले लेखेकोले विजक रीतपूर्वकको नदेखिएको हुँदा त्यस विलमा भुक्तानी भएको मू अ कर रु ३८१९४७।०० को मूल्य अभिवृद्धी कर समायोजन प्रमाण पेश हुनु पर्ने रु</td><td>३८१,९४७</td></tr>
<tr><td>२५</td><td></td><td></td><td></td><td>सुरक्षित आवास कार्यक्रम<br>गो भौ नं २०१ र १०२ मिति २०७८।३।२८ र ३० सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी २०७५ को दफा ४ मा सुरक्षित नागरिक आवासको लागि छनौट भएको लाभग्राहीहरुले संबन्धित स्थानीय तहले सिफारिश गरेको बैंकमा खाता खोली सम्झौता अनुसारको रकम अनुदान प्राप्त गर्न सक्ने उल्लेख छ । जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा वसेको बैठकद्धारा प्राथमिकरण गरी जस्तापाताको लागि ११३ जनालाई जस्ता पाता खरिद गर्न सहयोग उपलब्ध गराउने निर्णय भएको छ। पालिकाले उक्त सहयोग रकम उपलब्ध गराउन लाभग्राहीहरुलाई बैंक खाता नखोलाई प्रशासन/योजना शाखाका अनिल वोहरालाई सहयोग वितरणको लागि पेश्की रु ३१०००००।०० उपलब्ध गराएको तथा दिनेश कुमार रानाले पेश गरेको जस्तापाताको खरीदको विल भुक्तानी रु.७७९०००।० समेतको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>३,८७९,०००</td></tr>
<tr><td>२६</td><td></td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२)अनुसार सम्पादित कामको नापी मूल्यांन तथा सम्पन्न प्रतिदेन हुनु पर्दछ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शैक्षिक पूर्वाधार विकासका लागि निम्नानुसार रु १०८२००००।०० उपलब्ध गराएकोमा सोको कार्य सम्पन्न प्रतिवेदन प्रतिवेदन पेश गर्नु पर्ने रु</td><td>१०,८२०,०००</td></tr>
</table>


https://nams.oag.gov.np

| क्र.सं. | विद्यालय | अनुदान रकम |
|---|---|---|
| १ | सरस्वती मा वि नानरा | १६०००००।०० |
| २ | सेटिगाँउ मा वि ककरपाखा | १५०००००।०० |
| ३ | लटिनाथ आ वि अमरखेत | १५७००००।०० |
| ४ | गल्ला केदार समैजी आ वि पिडारु | १००००००।०० |
| ५ | लटिनाथ आ वि तेली गाँउ | १५५००००।०० |
| ६ | भवानी आ वि कुल्थडा | ४०००००।०० |
| ७ | भवानी आ वि बलासी | ३५००००।०० |
| ८ | महारुद्र आ वि कालापानी | ४०००००।०० |
| ९ | महारुद्र समैजी आ वि | १५५००००।०० |
| १० | भुवनेश्वर आ वि | ९०००००।०० |
|  | जम्मा | **१०८२००००।००** |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **जिन्सी दाखिला नभएको**<br>गो भौ नं १९५।३।२५ खरिद वा हस्तान्तरण वा अन्य तरिकाबाट प्राप्त मालसामानहरु जिन्सी आम्दानी बाँध्नु पर्दछ ।पालिकाले ५ वटा ट्यावलेट रु २४९५००।०० खरिद गरेको मा जिन्सी आम्दानी नबाँधेको रु | २४९,५०० |
